बैठक मिति : २०७६/११/३०
बैठक संख्या : २०

## छलफल तथा निर्णयहरु

१. अर्थ मन्त्रालयबाट आयोगको राय/सुझावका लागि प्राप्त 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६' अन्तर्गत मस्यौदा गरिएको 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली' सम्बन्धमा बैठकमा प्राप्त सुझाव समेत समावेश गरी आर्थिक व्यवस्थापन महाशाखाबाट तयार गरिएको राय/सुझाव पठाउने ।

२. आर्थिक व्यवस्थापन महाशाखाबाट तयार गरिएको 'आ.व. २०७७/७८ को लागि बजेट तथा मध्यमकालीन खर्च संरचना छलफल निर्देशिका, २०७६' तथा 'बजेट छलफल कार्यतालिका' स्वीकृत गर्ने ।

३. विभिन्न मन्त्रालय/निकायबाट स्रोत सुनिश्चितता लगायत विषयका लागि बहुवर्षीय ठेक्का व्यवस्थापन पूर्वस्वीकृति माग भई आयोगमा प्राप्त हुन आएका कार्यक्रम/आयोजनाका सम्बन्धमा आयोगको मिति २०७६/११/२१ को बैठकको निर्णयानुसार माननीय सदस्य ई. सुशील भट्टको संयोजकत्वमा गठित कार्यदलको सिफारिसका आधारमा देहाय अनुसार गर्ने :-

(क) नेपाल सरकारका विभिन्न मन्त्रालय/निकायहरुबाट सञ्चालित आयोजनाहरुमा बहुवर्षीय ठेक्का लगाउन आयोगको पूर्व स्वीकृतिको लागि अनुरोध हुने गरेको सन्दर्भमा तत् तत् मन्त्रालयहरुबाट हालसम्म बहुवर्षीय ठेक्का लागेका आयोजनाहरुको विवरण माग गर्ने ।

(ख) मन्त्रालयहरुबाट आयोजनाहरुको बहुवर्षीय ठेक्का सम्बन्धी पूर्व स्वीकृतिको लागि आयोगमा अनुरोध गर्दा नेपाल सरकारबाट स्वीकृत 'आयोजनाहरुको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७६' मा उल्लेख भएका बहुवर्षीय ठेक्का छनौटका आधारहरु पुरा गरी राष्ट्रिय आयोजना बैङ्कको व्यवस्थापन सूचना प्रणालीमा विवरण प्रविष्ट गराई मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रममा स्रोत सुनिश्चितता भएका आयोजनाहरु मात्र पूर्व स्वीकृतिको लागि पठाउन अनुरोध गर्ने ।

(ग) चालु आ.व. को तेस्रो चौमासिक अवधि र आगामी आ.व. मा बहुवर्षीय ठेक्का लगाउन आयोगको पूर्व स्वीकृतिको लागि अनुरोध गरिने आयोजनाहरुको विवरण तिनको प्राथमिकता सहित मन्त्रालयहरुबाट माग गर्ने ।

(घ) अर्थ मन्त्रालयबाट आयोगको राय/सुझावका लागि प्राप्त 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली' को मस्यौदामा 'आयोजनाहरुको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७६' को दफा ५ मा उल्लेख गरिएका 'बहुवर्षीय ठेक्का आयोजना छनौटका आधारहरु' समेत समावेश गर्न अनुरोध गर्ने ।

४. राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनमा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक बस्नु पूर्व राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठक बस्नुपर्ने व्यवस्था भए अनुसार सबै मन्त्रालय/निकायहरु ले मन्त्रालययस्तरीय विकास समस्या समाधान समितिको बैठक चैत्र महिनाको तेस्रो हप्ता सम्ममा सम्पन्न गर्ने र चैत्र १६, १७ र १८ गते राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठक आयोजना गर्न अनुसन्धान तथा मुल्याङ्कन महाशाखाबाट प्रस्तावित कार्यतालिका स्वीकृत गर्ने ।

५. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/११/१२ को निर्णय अनुसार कर्णाली प्रदेशको प्रमुख सचिवबाट यस आयोगको सचिवका रुपमा सरुवा भई कार्यभार सम्हाल्नु भएका आयोगका सदस्य सचिव श्री केवल प्रसाद भण्डारीलाई हार्दिक स्वागत गरियो ।